# काठमाडौं महानगरपालिका
## यें महानगरपालिका
## शहरी योजना आयोग

कान्तिपुर २०७८/८/९ बागमती प्रदेश, काठमाडौं, नेपाल

## Mayor's Research Fellowship Program 2021
## को लागि आवेदन आव्हान सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/८/९)**

काठमाडौं महानगरपालिका, शहरी योजना आयोगको समन्वयमा यस महानगरपालिकाले मेयर्स रिसर्च फेलोसिप नामक अनुसन्धान शोधवृत्ति कार्यक्रमको दोश्रो संस्करणको रुपमा Mayor's Research Fellowship Program 2021 सञ्चालन गर्ने भएको छ।

यस महानगरपालिकाको सर्वाङ्गिण विकासका विविध आयामसँग सम्बन्धित नीतिगत अनुसन्धान (Policy Research) मार्फत् यस महानगरपालिकालाई तथ्यमा आधारित नीति निर्माण (Evidence-Based Policy) गर्न एवम् कार्य मूलक अनुसन्धान(Action-Oriented Research) मार्फत् शहरी विकाससंग सम्बन्धित आयोजनाहरुको पहिचान गर्न सघाउ पुरयाउने उद्देश्यका साथ सञ्चालनमा ल्याउन लागिएको यस कार्यक्रममा भाग लिन तोकिएको योग्यता पुगेका ईच्छुक नेपाली अनुसन्धानकर्तालाई यो सूचना प्रकाशित भएको मितिले ४५ (पैतालिस) दिन भित्र रितपूर्वक अनुसन्धान प्रस्ताव (Research Proposal) पेश गर्नहुन आव्हान गरिन्छ।

अनुसन्धान प्रस्ताव काठमाडौं महानगरपालिकासँग सम्बन्धित हुने गरी निम्न कुनै पनि विषय वा यस्तै अन्य विषयमा पेश गर्न सकिनेछ : (क) ईतिहास, कला, संस्कृति, परम्परा (ख) भाषा, साहित्य (ग) शहरी योजना, शहरी डिजाइन, वास्तुकला, यातायात, भौतिक पूर्वाधार (घ) जनसांख्यिकीय, समाजशास्त्रीय वा मानवशास्त्रीय अध्ययन (ङ) शिक्षा, सामाजिक विकास, युवा, सामाजिक अभियान स्वास्थ्य, जीवनस्तर (च) स्थानीय आर्थिक विकास, शहरी वित्त, उद्यमशीलता, मानव संशाधन विकास (छ) शहरी अनौपचारिक क्षेत्र, गरिबी, अनधिकृत बसोबास (ज) वातावरण, दीगो विकास, विपद् व्यवस्थापन, जलवायु परिवर्तन (झ) कानून, शासन (ञ) सूचना तथा सञ्चार, नविन सोच, आदि।

न्यूनतम शैक्षिक योग्यता तथा अनुभव : सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरी २ (दुई) वर्षको अनुसन्धान, अध्यापन वा विषयगत कार्य अनुभव भएको।

संख्या : अधिकतम १० (दश) जना, अनुसन्धान अवधि : छ (६) महिना, सेवा सुविधा एवम् शर्तहरू : तोकिए बमोजि

आवेदन आयोगको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ४५ (पैतालिस) दिन (कार्यालय समय) भित्र आवेदक स्वयंले प्रमाणित गरि दर्ता गराउनु पर्नेछ।

**सम्पर्क :**

काठमाडौं महानगरपालिका
शहरी योजना आयोगको कार्यालय
जितजङ्गमार्ग, थापाथली हाइट, काठमाडौं
फोन : ४२१८१३७/४१०२३१०
web site: www.kathmandu.gov.np